प्रतिलिपि प्रमाणित
विष्णुप्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

**देवचुली नगरपालिकाको मिति २०७५।१२।०१ को ३०औं नगरकार्यपालिकाको बैठकमा पेश भएका एजेण्डा उपर छलफल गरी देहाय बमोजिमको निर्णय गरियो :**

**निर्णय नं. १ :** नगरकार्यपालिकाको कार्यालयबाट सूचना प्रकाशन भै पेश भएका लक्षित समुहका कार्यक्रम अन्तर्गत तिन महिने तालिम कार्यक्रमहरु उपर छलफल गरी निम्न बमोजिम गर्ने निर्णय गरियो ।

क.) तिन महिने हाउस वायरिङ्ग तालिमको सम्बन्धमा कार्यालयले छनौट गरेका प्रस्तावदाताहरुलाई तालिम सम्पन्न गर्न कार्यादेश दिने ,

ख.) प्लमबिङ्ग तालिमको हकमा कार्यालयले छनौट गरेका प्रस्तावदाताहरुलाई तालिम सम्पन्न गर्न कार्यादेश दिने ,

ग.) एडभान्स सिलाई कटाई तालिमको सन्दर्भमा प्रस्ताव उपर छलफल गर्दा पेश भएको प्रस्तावहरु सारभूत रुपमा ग्राह्य नदेखिएको भनि सम्बन्धित विषय विज्ञबाट राय प्राप्त भएकोले उक्त तालिम सिधै कार्यालयबाट संचालन गरी सम्पन्न गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २ :** साविक प्रगतिनगर गा.वि.स. को पुरानो भवन भत्काउने ( Demolish) कार्य सम्बन्धमा छलफल हुँदा बोलपत्र आव्हान भै सिलबन्दी बोलपत्र पेश भए अनुसार मूल्याङ्कन समितिले स्वीकृतिका लागि नगर कार्यपालिकामा पेश हुँदा उक्त पुरानो भवन कार्यालय व्यबस्थापनको लागि आवश्यक परेकोले उक्त बोलपत्र प्रक्रिया हाललाई स्थगित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३. :** सि.जि. ईण्डष्ट्रियल पार्क अगाडिको व्यक्तिको जग्गा नगरपालिकाले भाडामा लिई न्यूनतम रु १ लाखबाट बोल कबोल गर्ने गरी बोलपत्र आव्हान भएकोमा बोलपत्र नपरेको हुँदा अघिल्लो निर्णय अनुसार तिन महिनाको कबोल रकम अग्रिम बुझाउन भन्ने शर्तको सट्टा एक महिनाको बोल कबोल रकम अग्रिम बुझाउने र न्यूनतम बोल कबोल साविकको रु १ लाख को सट्टा हाल रु ७५ हजार कायम गरी अन्य शर्त यथावत राखि टेण्डर प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ४. :** वर्षायाममा हावाहुरीका कारण आगलागीको प्रकोप बढ्ने हुँदा यस नगरपालिकामा दमकल राख्नका लागि लागत बिश्लेषण सहितको प्रतिवेदन पेश गर्न वन, वातावरण तथा विपद् व्यबस्थापन समितिका संयोजकको संयोजकत्वमा उक्त समितिका सम्पूर्ण सदस्यसहित श्री डिल बहादुर खत्री, श्री भुपराज पाठक र श्री दिनेश भुसाल सहितको समितिले नगरपालिकामा प्रतिवेदन पेश गर्नका लागि जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ५. :** यस नगरपालिकाको लागि एम्बुलेन्स अत्यावश्यक रहेको र चाईना फाउण्डेसन का तर्फबाट सहयोग स्वरुप एम्बुलेन्स उपलब्ध गराउने प्रतिवद्धता व्यक्त भएकोले एम्बुलेन्स ल्याउँदा लाग्ने भन्सार महशुल लगायतका सेवा शुल्क छुटका लागि सम्बन्धित मन्त्रालयमाबाट पहलका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६. :** यस नगर कार्यपालिका एंव अन्तर्गतका वडा कार्यालयहरुमा कार्यरत तपशिल बमोजिमका कर्मचारीहरुको कार्यव्यस्तताको तुलनामा पाइरहेको पारिश्रमिक न्यून देखिएकोले मिति २०७५ चैत्र १ गतेदेखि लागू हुनेगरी रा.प. अनं. तृतीय (सहायकस्तर तेस्रो तह) को कम्पयूटर अपरेटरले पाउने शुरु स्केल बराबरको सम्पूर्ण र विद्या

२०७५/१२/०३

Scanned by CamScanner

प्रतिलिपि प्रमाणित
२०७६।१२।३
विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

पौडेलको हकमा यूनिसेफबाट प्राप्त हुने रु १२,०००।– बाहेकको सहायकस्तर तेस्रो तहको शुरु तलब स्केलमा नपुग हुन आउने रकम नगरपालिकाको आन्तरिक स्रोतबाट खर्च लेख्न स्वीकृति दिने निर्णय गरियो।

क.) श्री कृष्णबहादुर आले

ख.) श्री शान्ति सुबेदी

ग.) श्री रीता भण्डारी

घ.) श्री संगम पौडेल

ङ.) श्री लक्ष्मी कुमारी दर्जी

च.) श्री विद्या पौडेल

**निर्णय नं. ७. :** देवचुली १२ स्थित गैंडी जनवस्ती सडक कालोपत्रे सडकलाई बहुवर्षीय योजनाको रुपमा रुपान्तरण गर्ने र चालु आ.व. ०७५/०७६ मा विनियोजन भएको बजेटमा आगामी आ.व. ०७६/०७७ मा प्राप्त हुने वडा स्तरीय बजेटबाट रु १५ लाख थप गरी हाल एकमुष्ठ रुपमा लागत अनुमान तयार गरी संझौता गर्ने निर्णय गरियो।

२०७५।१२।०३

Scanned by CamScanner